# रुकुम पूर्व जिल्लाको समग्र शान्ति सुरक्षा, अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान सम्बन्धी बार्षिक कार्ययोजना

## २०७९/८०




नेपाल सरकार

## गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रुकुम पूर्व

# रुकुम (पूर्व) जिल्लाको समग्र शान्ति सुरक्षा, अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान सम्बन्धी बार्षिक कार्ययोजना

## २०७९/०८०

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

## जिल्ला सुरक्षा समिति रुकुम (पूर्व)

| | | |
|---|---|---|
| श्री तुलाराज सुनुवार | प्र.जि.अ. | अध्यक्ष |
| श्री बाबुलाल जि.सी. | सेनानी | सदस्य |
| श्री प्रकाश डाँगी | प्र.ना.उ. | सदस्य |
| श्री रबिन्द्र श्रेष्ठ | स.प्र.ना.उ. | सदस्य |
| श्री संजीव कुमार चौधरी | प्र.अ.अ. | सदस्य |
| श्री हिरालाल आचार्य | स.प्र.जि.अ | सदस्य सचिव |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

## १. पृष्ठभूमि :-

लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्लाको रुपमा रहेको रुकुम (पूर्व) जिल्ला २०७२ सालमा जारी नेपालको संविधान निर्माणसँगै कार्यान्वयनको क्रममा २०७४ साल असोज १९ गते तत्कालीन रुकुम जिल्लालाई विभाजन गरी नेपालको ७७ औं जिल्लाको रुपमा स्थापित भए पश्चात छुट्टै जिल्लाको कार्य गर्दै आईरहेको छ। भौगोलिक दृष्टिकोणले अति दुर्गम, यातायातको सरल र सहज पहुँच नभएको यस जिल्ला ११६१.१३ वर्ग.कि. मिटर (११६११३ हेक्टर) क्षेत्रफलमा फैलिएको छ भने संघियताका आधारमा तीन वटा गाउँपालिकामा विभाजित छ। २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजा अनुसार २९,५२० महिला र २८,०२० पुरुष गरी जिल्लाको कुल जनसंख्या ५७,५४० रहेको छ। मगर जातिको वाहुल्यता सहित बाहुन, क्षेत्री, दलित लगायत विभिन्न जातजातिहरुको बसोबास रहेको यस जिल्लामा स्थायी सदरमुकाम कायम गर्ने सम्बन्धमा जिल्लाको समग्र जनसंख्या दुई ध्रुवमा विभाजित भई आपसी मनमुटावको स्थिती उत्पन्न भएको अवस्था रहेको छ। यसका अतिरिक्त लागू औषध मुख्य समस्याको रुपमा रहेको यस जिल्लामा ज्यान सम्बन्धी अपराध, जवरजस्ती करणी लगायतका जघन्य अपराधका साथसाथै कुटपिट, लुटपाट, चोरी, आत्महत्या जस्ता अपराधहरु बढि मात्रामा हुने गर्दछन। त्यसैगरी विगत केहि बर्षदेखि यस जिल्लामा मध्यपहाडी लोकमार्गका साथै अन्य सहायक मार्गहरुको ट्र्याक खोली संचालन आएको हुँदा सवारी दुर्घटनाहरु पनि छिटफुट रुपमा हुने गरेको छ। भौगोलिक विकता र साधन स्रोतको अभावका कारण जिल्लाको शान्ति सुरक्षा कायम गरी समग्र विकासका गतिविधीहरु संचालन गर्ने कार्य आफैमा एक चुनौतीको रुपमा रहि आएको छ। यस जिल्लालाई शान्त, समृद्ध र विकसित जिल्लाको रुपमा स्थापित गर्नका लागि उल्लेखित किसिमका विभिन्न समस्या र चुनौतीहरुको उचित व्यवस्थापन गर्दै समग्र विकासका गतिविधीहरुलाई निरन्तरता दिन आवश्यक छ।

यसै सन्दर्भमा जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु पहिलो सर्त हो। रुकुम (पूर्व) जिल्लाको शान्ति सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाई आमजनतामा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउनुका साथै जिल्लाको समग्र विकासमा महत्वपूर्ण टेवा पुऱ्याउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व) मा मिति २०७९।०३।३० गते प्रमुख जिल्ला अधिकारी श्री तुलाराज सुनुवारको अध्यक्षातामा बसेको जिल्ला सुरक्षा समितिको बैठकमा भएको निर्णय बमोजिम प्रस्तुत रुकुम (पूर्व) जिल्लाको समग्र शान्ति सुरक्षा, अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान सम्वन्धी बार्षिक कार्ययोजना तयार पारिएको छ।

## कार्ययोजनाको उद्देश्य :-

जिल्लाको समग्र शान्ति सुरक्षालाई ध्यानमा राखि तयार पारिएको यस कार्ययोजनाको मुलभूत उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

१) आम नागरिकहरुलाई सुरक्षाको प्रत्याभूति दिलाउने,
२) अपराधिक गतिविधीहरु नियन्त्रण तथा न्यूनिकरण गर्ने,
३) विभिन्न किसिमका अपराधहरुको बारेमा जनचेतना फैलाउने,

प्रमुख जिल्ला अधिकारी

४) सरोकारवाला निकायहरुबिचको आपसी समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने,
५) विकासका गतिविधीहरुलाई निर्बाध रुपमा संचालन गर्ने वातावरण निर्माण गर्ने,
६) उचित ट्राफिक व्यवस्थापन गरी सवारी तथा सडक दुर्घटना नियन्त्रण र न्यूनिकरण गर्ने,
७) जिल्लाको समग्र शान्ति सुरक्षालाई थप मजबुत बनाउने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)

## २. अपेक्षित उपलब्धि:-

रुकुम (पूर्व) जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्थापनलाई थप मजबुत र प्रभावकारी बनाउने उद्देश्यले तयार पारिएको यो कार्ययोजना कार्यान्वयन भए पश्चात देहाय बमोजिम उपलब्धिहरु हासिल हुने अपेक्षा राखिएको छ:-

१) जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था मजबुत हुनेछ,
२) अपराधिक मनोवृति भएका व्यक्तिहरुको मनोबलमा गिरावट आई अपराध तथा अपराधिक गतिविधीहरु उल्लेखनीय रुपमा न्यूनिकरण हुनेछन,
३) जिल्लाको स्थायी सदरमुकाम सम्बन्धी विवादित मुद्दाको सुनुवाई तथा फैसलाको क्रममा कुनै पनि अवाञ्छित तथा अप्रिय घटनाहरु घट्ने छैनन्,
४) जिल्लाका सिमानाकाहरुबाट हुने लागू औषध तथा अन्य अवैध चिजवस्तुहरुको चोरीनिकासी नियन्त्रण हुनेछ,
५) आम सर्वसाधरणहरुको सुरक्षा चेतनाको स्तरमा वृद्धि हुनेछ,
६) जिल्ला स्थित सम्पूर्ण सरोकारवाला निकायहरु बिचको समन्वय र सहकार्यमा थप प्रभावकारीता आई सौहार्दपूर्ण वातावरणको सिर्जना हुनेछ,
७) सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा भौतिक विकासका कार्यहरु निर्बाध रुपमा संचालन हुनेछन्,
८) सडक तथा सवारी दुर्घटनामा कमि आउने छ,
९) आम नागरिकहरुले सुरक्षित महशुश गर्नेछन्।

प्रमुख जिल्ला अधिकारी

## रुकुम (पूर्व) जिल्लाको समग्र शान्ति सुरक्षा कार्ययोजना:-

| सि.नं | कार्यक्रम | लक्षित | जिम्मेवार निकाय/व्यक्ति | समयसिमा | समन्वय गरिने निकाय | उद्देश्य | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्लामा शहरको रुपमा विकास भईरहेका र जनघत्व बढ्दै गएका सिस्ने-८ धपे, भुमे-१ लुकुम, भुमे-२ काँक्री, भुमे-९ चुनवाङ, पुथाउत्तरगंगा-१ मैकोट र पुथाउत्तरगां १०-तकसेराका स्थानीय बजाहरुमा CCTV Camera जडान गर्न जिल्ला सुरक्षा समिति मार्फत तीन वटै गाउँपालिकाहरलाई अनुरोध गर्ने। | स्थानीय बजारहरु | ➢ जिल्ला सुरक्षा समिति रुकुम (पूर्व) | १ बर्ष | जिल्लाका सबै गाउँपालिकाहरु | CCTV Camera को प्रयोगलाई विस्तार गरी अपराध रोकथाम तथा नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्ने कार्यका लागि भरपर्दो साधनको रुपमा प्रयोग गर्ने। | |
| २. | जिल्लामा जडान गरिएका र जडान हुने सम्पूर्ण CCTV Camera हरुको Monitoring , रेखदेख र संचालनको जिम्मेवारी जिल्ला प्रहरी कार्यालय रुकुम (पूर्व) लाई दिने । | जडान गरिएका CCTV Camera हरु | ➢ जिल्ला सुरक्षा समिति रुकुम (पूर्व) | जडान भएको दिन देखि निरन्तर | सम्बन्धित सरोकारवाल निकायहरु सबै | जिल्लाका विभिन्न स्थानहरुमा जडान हुने CCTV Camera हरुको सुरक्षित एवं प्रभावकारी ढङ्गले प्रयोग गरी शान्ति सुरक्षा कायम राख्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउने। | |
| ३. | हरेक घटना तथा गतिविधीहरुको खबर संकलन कार्यलाई प्रभावकारी बनाउने। | विभिन्न घटना तथा गतिविधीहरु | ➢ नेपाली सेना<br>➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल<br>➢ राष्ट्रिय अनुसन्धान | निरन्तर | सम्बन्धित सरोकारवाल निकायहरु सबै | कुनै पनि घटनाको बारेमा तथ्यगत सुचना संकलन गरी सोहि बमोजिम रणनीतिक परिचालन गर्ने। | |
| ४. | जि.प्र.का.रुकुम (पूर्व) तथा मातहत कार्यलयहरुबाट परिचालित मो.सा तथा सवारी QRT लाई थप प्रभावरी बनाउने र मो.सा. नभएका यूनिटहरुमा मो.सा. उपलब्ध गराउन तालुक मन्त्रालयमा अनुरोध गर्ने। | | ➢ जिल्ला सुरक्षा समिति रुकुम (पूर्व) | नियमित | सम्बन्धित सरोकारवाल निकायहरु सबै | जिल्लामा अपराध रोकथाम तथा नियन्त्रण र शान्ति सुरक्षा कायम गर्ने कार्यमा QRT परिचालनलाई प्रभावकारी बनाउने। | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | एल.आर.पी, एस.आर.पी. एवं ग्रामिण गस्ति परिचालन गर्ने । | स्थानिय वडा एरियाहरु | ➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल | निरन्तर | स्थानीय निकाय | समाजमा हुने अपराधिक गतिबिधिहरुको बारेमा आम सर्बसाधारणहरुबाट जानकारी प्राप्त गर्ने, स्थानीय वडा एरियाहरुको दैनिक वस्तुस्थिती बुझ्ने, अपराधिक मनोवृति भएका मानिसहरुको Moral कमजोर गराउने, आम सर्वसाधरणहरुमा शान्ति सुरक्षाको प्रत्याभुति दिलाउने र प्रहरी र नागरिक बिचको सम्बन्धलाई थप सुमधुर बनाउने । |
| ६. | विभिन्न किसिमका सामाजिक अपराध र त्यस्ता अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने, | आम सर्वसाधरण | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ नेपाल प्रहरी | निरन्तर | स्थानीय निकाय तथा सम्बन्धित सरोकारवाला निकाय सबै | समाजमा हुने विभिन्न किसिमका अपराधहरुको बारेमा आम नागरिकहरुलाई सचेत बनाई अपराध रोकथाम तथा नियन्त्रणको कार्यमा जनसहयोग प्राप्त गर्ने । |
| ७. | तत्काल परिचालन हुन सक्ने गरी सुरक्षाकर्मीको टोलि स्टेण्डबाई राख्ने । | - | ➢ नेपाली सेना<br>➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल | दैनिक | | कुनै पनि घटनाहरु घटेमा तत्काल प्रभावकारी रुपमा Respond गर्ने । |
| ८. | सरप्राईज चेकिङ्गको व्यवस्था मिलाउने | स्थानीय वडा एरिया | ➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल | आवश्यकता अनुसार | | लागू औषध (अफिम, चरेश र गाँजा), जडिबुटि तथा अन्य अवैध बस्तुहरुको ओसार पसार तथा चोरी निकासी र अन्य अपराधिक गतिविधीहरुलाई नियन्त्रण गर्ने । |
| ९. | बिप्लब समूहको गतिबिधिको सुक्ष्म निगरानी तथा नियन्त्रण गर्ने । | ने.क.पा. बिप्लब समुहका नेता कार्यकर्ताहरु | ➢ नेपाली सेना<br>➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल<br>➢ राष्ट्रिय अनुसन्धान | आवश्यकता अनुसार | | जिल्लामा रहेका ने.क.पा.विप्लब समुहका नेता कार्यकर्ताहरु तथा उक्त समुहबाट सल्लान हुने गतिविधीको बारेमा जानकारी लिई सोहि बमोजिम कारबाहि गर्ने । |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | सदरमुकाम सम्बन्धी विवादित मुद्दाको सुनुवाई तथा फैसलाको समयमा भरपर्दो सुरक्षा व्यवस्था मिलाउने। | सदरमुकाम सम्बन्धी मुद्दाको फैसला | ➢ नेपाली सेना<br>➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल<br>➢ राष्ट्रिय अनुसन्धान | तोकिएको दिन | स्थानीय निकायहरु तथा सम्बन्धित सरोकारवाल निकायहरू सबै। | जिल्लाको स्थायी सदरमुकाम सम्बन्धि फैसलालाई लिएर असन्तुष्ट पक्षबाट अवाञ्छित, अप्रिय, ध्वंसात्मक तथा विध्वंसात्मक गतिविधी हुन/गर्न नदिने। |
| ११. | सिमानाकामा रहेका प्रहरी यूनिटहरुलाई उच्च सतर्क बनाई चेकजाँचको व्यवस्था मिलाउने। | जिल्लाका सिमानकामा हुन सक्ने चोरी निकासी तथा पैठारीका गतिविधीहरु | ➢ नेपाल प्रहरी | सूचनाको आधारमा | स्थानिय निकाय | जिल्लाका सिमा नाकाहरुबाट हुन सक्ने अवैध चोरी निकासी तथा पैठारीलाई नियन्त्रण गर्ने। |
| १२. | संयुक्त चेकिङ्ग, ट्राफीक संकेतहरुको विस्तार, सरप्राईज तथा छड्के चेकिङ्ग, छाडा पशु चौपाय नियन्त्रण, सडक अतिक्रण नियन्त्रण, ट्राफिक जचेतनामुलक कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरु संचालन गरी प्रभावकारी ट्राफीक व्यवस्थापन गर्ने। | मुख्य तथा सहायक मार्ग र बजार क्षेत्रहरु | ➢ ट्राफिक प्रहरी<br>➢ नेपाल प्रहरी | निरन्तर | सम्बन्धित सरोकारवाल निकाय सबै। | प्रभावकारी ट्राफिक व्यवस्थापन गरि सडक तथा सवारी दुर्घटनाहरु न्यूनिकरण गर्ने। |
| १३. | समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने। | सम्बन्धीत सरोकारवाला निकायहरु सबै। | ➢ जिल्ला सुरक्षा समिती | निरन्तर | सरोकारवाला निकाय सबै | जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने। |
| १४. | सरोकारवालाहरुसंग छलफल तथा सुझाव संकलन गर्ने। | सम्बन्धीत सरोकारवाला सबै | ➢ जिल्ला सुरक्षा समिती | आवश्यकता अनुसार | सरोकारवाला निकाय सबै | शान्ति सुरक्षाको अवस्थाको वारेमा जानकारी लिन तथा अन्य समसायिक बिषयमा आवश्यक राय सुझाव संकलन गर्ने। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ (पूर्व)

प्रमुख जिल्ला अधिकारी

## ३. साराशं:-

राज्य पुनसंर्चना पश्चात रुकुम (पूर्व) जिल्लाले प्रशासनिक संगठन, पूर्वाधार, विधि र प्रक्रियाको सुरुवातसँगै जिल्लालाई समृद्धतर्फ डोऱ्याउनको लागि सबै तहका सरकारका गतिविधीहरुलाई नागरिकहरु समक्ष सरल, सहज र सक्षमताका साथ पुऱ्याउनको लागि जिल्लामा शान्ति सुरक्षा, सुशासन र सक्रिय सहजीकरणको सुनिश्चितता अनिवार्य भएकोले माथिको कार्ययोजनालाई जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायहरुले प्रतिवद्धता र कटिवद्धताका साथ कार्यान्वयन गरी जिल्लामा शान्ति सुरक्षाक प्रत्याभूति दिलाउन सकिने निश्चित रहेको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

प्रमुख जिल्ला अधिकारी